पञ्चकन्या गाउँपालिका
Panchakanya Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
Office Of the Rural Municipal Executive
लाकुरीभञ्ज्याङ, नुवाकोट
Lakuribhanjyang, Nuwakot

बागमती प्रदेश, नेपाल
Bagamti Province, Nepal


सूचना नं. ६८

## गाउँ प्रहरी जवान सेवा करारमा कर्मचारी पदपुर्ति गर्ने सम्बन्धी सूचना

(प्रकाशित मितिः २०८१/११/२२)

पञ्चकन्या गाउँपालिका गाउँ कार्यपालिका कार्यालयको गाउँ प्रहरी व्यवस्थापन कार्यविधि,२०७७ बमोजिम कार्यालयलाई आवश्यक भएको गाउँ प्रहरी जवान सेवा करारमा पदपुर्ति गर्नुपर्ने भएकोले देहाय अनुसार योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस कार्यालय समयमा दरखास्त पेश गर्नुहुन सम्बन्धित सवैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

देहाय:

| क्र.स. | विज्ञापन नं. | पद | तह | माग संख्या | दरखास्त दस्तुर |
|---|---|---|---|---|---|
| १ | ०५/२०८१/०८२ | गाउँ प्रहरी जवान | श्रेणीविहीन | २(दुई) जना | ४०० |

शैक्षिक योग्यता र अनुभव:

१. विज्ञापन नं. ०५/२०८१/०८२ को लागि कम्तिमा ८ (आठ) कक्षा आधारभूत तह उतीर्ण भएको हुनु पर्नेछ ।
२. पुरुषको हकमा शरीरको उचाई घटीमा ५ फिट २ ईन्च र वजन घटीमा ५० के.जी. हुनुपर्नेछ।
३. महिलाको हकमा शरीरको उचाई घटीमा ५ फिट र वजन घटीमा ४५ के.जी. हुनुपर्नेछ।
४. कुनै प्रकारको गैर कानूनी कार्यमा संलग्न नरहेको जानकारी लिखित दिनपुर्नेछ ।
५. शारीरिक रुपमा स्वस्थ रहेको/काम गर्न सक्ने प्रमाणित भएको हुनुपर्ने ।
६. दरखास्त साथ संलग्न गर्नुपर्ने कागजातहरुः
- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
- कक्षा ८ वा सो भन्दा माथि शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि,
- हालसालै खिचिएको पासपोर्ट साईजको फोटो ३(तीन) प्रति,
- अनुभव भए सोको प्रमाणित पत्र,

७. उमेरः विज्ञापन नं. ०५/२०८१/०८२ सम्मको लागि १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्नेछ।
८. छनौट,सेवा र सुविधा : गाउँपालिकाले निर्धारण गरे बमोजिम हुनेछ।
९. दरखास्त दिने अवधिः २०८१/११/२२ गते देखि २०८१/१२/७ गते बेलुका ५:०० बजे सम्म।
१०. दरखास्त फारामः गाउँ कार्यापालिकाको कार्यालयको वेबसाईटमा उपलब्ध छ।प्रचलित कानून अनुसार अयोग्य नठहरिएको उम्मेदवारले मात्र दरखास्त दिनुपर्नेछ।
११. दरखास्त दस्तुरः पञ्चकन्या गाँउपालिकाको राजश्व इकाईबाट राजश्व खाताः ०५३०२५००७१८५४००१ मा जम्मा गरेको सक्कलै भौचर दरखास्त साथ पेश गर्नुपर्नेछ।
१२. परीक्षा मितिः दरखास्त दिने अन्तिम मितिको दिन तोकिनेछ।
१३. परीक्षाको किसिमः लिखित, मौखिक र आवश्यकताअनुसार प्रयोगात्मक ।

कृष्णहरि पौडेल
प्रमुख प्रशासकीय अधिकृत

"पर्यटन, पूर्वाधार, कृषि क्षेत्रमा लगाऔ सीप र ज्ञान ! समृद्ध पञ्चकन्या निर्माण हाम्रो अभियान"

Website: www.panchakanyamun.gov.np Email: panchakanya.ga.pa@gmail.com

Scanned with CamScanner